# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

प.सं. :- २०८१/८२
च.नं. :- १५८२

बागमती प्रदेश, नेपाल
मिति: २०८२।०३।११

**विषयः भुक्तानी बन्द हुने सम्बन्धमा ।**

श्री सरोकारवाला, विषयगत शाखा,
वडा कार्यालय, उपभोक्ता समिति,
निर्माण व्यवसायी (सबै)
किस्पाङ गाउँपालिका, नुवाकोट ।

उपरोक्त सम्बन्धमा, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने गराउने व्यवस्था रहेको छ। सो सम्बन्धमा यस कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी लिन बाँकी मातहतका कार्यालयहरु, शाखाहरु, सम्पूर्ण व्यक्ति, फर्म, आपूर्तिकर्ता, परामर्षदाता, निर्माण व्यवससायी, उपभोक्ता समितिहरु लगायत सम्पूर्ण सरोकारवालाहरुले चालु प्रकृतिका खर्चको हकमा २०८२ असार १७ गते भित्र तथा पूजिगत प्रकृतिका खर्चको हकमा २०८२ असार १९ गते भित्र आवश्यक कागजात पेश गरी फरफारक गर्नुहुन अनुरोध छ । साथै तोकिएको समय सीमा भित्र कागजात सहित भुक्तानी लिन नआएमा/भुक्तानी नलिएमा सरोकारवाला, कार्यालय, फर्म, व्यक्ति, निर्माण व्यवसायी, उपभोक्ता समिति, शाखा कार्यालय, परामर्षदाता आदीहरु स्वयं जिम्मेवार रहनुपर्ने र कार्यालय जवाफदेही नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

चक्र बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

kispangrm@gmail.com, info@kispangmun.gov.np www.kispangmun.gov.np